# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २८. अकं ११, माघ/फागुन २०७९ February/March 2023

## संघको ६३औं स्थापना दिवस




उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ माघ १९ गते विविध कार्यक्रमको आयोजना गरी ६३औं स्थापना दिवस मनाएको छ । संघको सचिवालयमा औपचारिक कार्यक्रम सहित निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रमको आयोजना गरी स्थापना दिवस मनाएको हो। स्थापना दिवसको अवसरमा सम्बोधन गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले २०१६ सालमा स्थापित उद्योग वाणिज्य संघ चितवनलाई आजको अवस्थामा ल्याइपुऱ्याउनका लागि अग्रजहरूले खेल्नुभएको भूमिकाको प्रशंसा गर्दै संघ अग्रजहरूको मार्गनिर्देशन र सरसल्लाह बमोजिम अगाडि बढ्ने बताउनुभयो

...बाँकी ३ पेजमा

## चितवनका कार्यालय प्रमुखहरूलाई संघमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले मिति २०७९ फागुन ८ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख र सशस्त्र प्रहरी बल नेपाल, हेडक्वाटर चितवन नं. १७ गणका प्रमुखलाई संयुक्त रूपमा स्वागत गरिएको थियो । जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८
URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

### प्रकाशन समिति

**संयोजकः**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरुः**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरुः**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादकः**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइनः**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत




रामेश्वर कार्की र सशस्त्र प्रहरी बल नेपाल हेडक्वाटर चितवन नं. १७ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक शशि पाण्डेलाई संघमा स्वागत गरेको हो। स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले विगत लामो समयदेखि उद्योग वाणिज्य संघ-चितवनको सम्बन्ध जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल, हेडक्वाटर चितवन नं. १७ गणलगायत सम्पूर्ण कार्यालयहरूसँग सुमधुर रहँदै आएको बताउँदै आगामी दिनहरूमा पनि सम्बन्ध अझ बढी प्रगाढ रहने अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रममा स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले संघको सङ्क्षिप्त जानकारी दिँदै चितवन जिल्लाको आर्थिक समाजिक एवं समग्र विकासका लागि सबै निकायहरूसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सहनलाल प्रधानले नवआगन्तुक जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख र सशस्त्र प्रहरी बल नेपाल, हेडक्वाटर चितवन नं. १७ गणका प्रमुखलाई कार्यकाल सफलताको शुभकामना दिँदै उहाँले उद्योग वाणिज्य संघ-चितवन व्यवसायीहरूको संस्था भएतापनि सामाजिक उत्तरदायित्वको कार्यमा पनि निरन्तर लागिरहने बताउनु भयो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले चितवन आर्थिक सामाजिक एवम् रणनीतिक हिसावले महत्त्वपूर्ण जिल्ला भएको बताउँदै उहाँले अबको देश विकास सार्वजनिक निजी साझेदारीको माध्यमबाट गर्ने रणनीति भएकोले निजी क्षेत्रको उत्थानमा लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। उहाँले चितवनमा रात्रिकालीन बजार सञ्चालनको लागि व्यावसायिक संघ संस्थाहरूको समन्वयमा निश्चित क्षेत्र पहिचान गरी सञ्चालन गर्ने बताउनु भयो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीले व्यवसायीहरूका

गुनासाहरू सम्बोधन गर्दै उहाँले व्यवसायीहरूको समस्यालाई कसरी समधान गर्न सकिन्छ भन्ने विषयमा व्यावसायिक संघ संस्थाका प्रतिनिधिहरूसँग छलफल कार्यक्रम आयोजना गर्न लागेको बताउनु भयो । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल हेडक्वाटर चितवन नं. १७ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक शशि पाण्डेले सुरक्षा देख्ने भन्दा पनि महशुस गर्ने कुरा भएकोले व्यवसायीहरूको लागि सुरक्षित वातावरण सृजना गर्नका लागि प्रतिवद्ध रहेको बताउनु भयो । कार्यक्रममा संघका पूर्व अध्यक्ष उदयकुमार श्रेष्ठ, संघका पदाधिकारी, कार्यसमिति सदस्य, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत ५० जनाको उपस्थिति रहेको थियो । कार्यक्रम संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता तथा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त स्वागत कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो।

*...बाँकी*

। कार्यक्रममा अध्यक्ष श्रेष्ठले यस क्षेत्रको कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको विकासमा संघले निरन्तर कार्यक्रम आयोजना गरेको बताउँदै आगामी दिनहरूमा पनि अझ सशक्त रूपमा यस क्षेत्रका कार्यक्रमहरू आयोजना गरिने बताउनु भयो । उहाँले सार्वजनिक निजी साझेदारी अवधारणा अन्र्तगत संघले गरेका व्यावसायिक हित लगायत पूर्वाधार विकासका कार्यक्रमहरू अनुकरणीय रहेको बताउनु भयो । शुभकामना मन्तव्य व्यक्त गर्दै अध्यक्ष श्रेष्ठले स्थापना दिवसको अवसरमा संघमा आवद्ध सम्पूर्ण सदस्यहरूको व्यावसायिक सफलताको शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि एवम् संघका पूर्व अध्यक्ष के.एल. भुषणले विगतका दिनहरूलाई स्मरण गर्दै नेपाल उद्योग वाणिज्य महासंघको स्थापना हुनुभन्दा पहिला नै परिकल्पना गरिएको यस संघले लामो यात्रा पार गर्न सफल भएको बताउनु भयो । उहाँले व्यवसायीको हक, हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै व्यावसायिक ऐक्यवद्धता जाहेर गर्ने उद्देश्यले स्थापित उद्योग वाणिज्य संघ चितवन आज यस क्षेत्रको सामाजिक, आर्थिक एवम् सांस्कृतिक विकासको संवाहकको रूपमा स्थापित भएको बताउँदै अग्रजलगायत पूर्व कार्यसमिति र वर्तमान कार्यसमितिप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । सोही कार्यक्रममा बोल्दै संघका पुर्व अध्यक्ष प्रचण्डलाल प्रधानले उद्योग वाणिज्य संघ-चितवनको इतिहासको बारेमा जानकारी गराउँदै संघले व्यवसायीहरूको हक, हितकासाथै चितवन जिल्लालाई विकास गर्ने क्रममा भौतिक पुर्वधार निर्माण गर्ने कार्यमासमेत अग्रणी भूमिका खेलेको बताउनु भयो। सोही कार्यक्रममा संघको पूर्व अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका कार्यसमिति सदस्य सहनलाल प्रधानले निजी क्षेत्रको प्रतिनिधिमूलक यस संस्थाले वर्गीय हितकासाथै सामाजिक उत्तरदायित्वका थप कार्यहरू सम्पन्न गरेको बताउँदे आगामी दिनहरूमा पनि थप समय सापेक्ष कार्यक्रमहरू सञ्चालन गर्नका लागि अनुरोध गनुभयो । उहाँले निजी क्षेत्रका समस्या समाधानका लागि उवासंघ-चितवन र नेपाल उद्योग वाणिज्य महासंघ सदैव क्रियाशील रहने बताउनु भयो। सोही कार्यक्रममा फेन्सी व्यवसायी संघ-चितवनका अध्यक्ष शंकरप्रसाद घिमिरेले वस्तुगतको तर्फवाट संघको स्थापना दिवसमा बोल्ने अवसर दिएकोमा संघलाई धन्यवाद दिँदै उहाँले बैंक व्याज वृद्धिका कारण व्यवसायीहरू समस्यामा परेको र यस समस्याको समाधानका लागि पहल गर्न उद्योग वाणिज्य संघ-चितवनलाई आग्रह गर्नुभएको थियो। स्थापना दिवसको कार्यक्रममा संघले ६३ वटा दीप प्रज्वलन गरेको थियो। स्थापना दिवसको अवसर मा आयोजित निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा ७० जना व्यवसायीहरूले आफ्नो स्वास्थ्य परीक्षण गरेका थिए । सोही कार्यक्रमको अवसरमा चितवन महोत्सव २०७९ टिकट चिट्ठा कम्प्यूटर माध्यमबाट खोलिएको थियो । कार्यक्रमा चितवन महोत्सव कार्यसम्पादनमा सहयोगी भूमिका निर्वाह गरेका कर्मचारीहरूलाई प्रशंसा-पत्र वितरण गर्ने कार्यक्रम पनि सम्पन्न गरिएको थियो । कार्यक्रममा संघका पूर्वअध्यक्ष रामप्रसाद श्रेष्ठ, प्रचण्डलाल प्रधान, रमेशकुमार पिया, उदयकुमार श्रेष्ठ, उत्तमलाल चुके, कल्याण जोशी लगायत संघका पदाधिकारी, कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि, संघका साधारण सदस्यलगायतको उपस्थिति रहेको थियो । संघमा आयोजित स्वास्थ्य परीक्षण कार्यक्रमको लागि नेसनल सिटि हस्पिटल भरतपुरले सहयोग गरेको थियो ।

उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

# प्रोस्टेट क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०७९ फागुन १३ गते प्रोस्टेट क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम उद्योग वाणिज्य संघ-चितवन र नारायणगढ राउन्ड टेवल १४ को आयोजना एवम् कोसिस क्यान्सर सेन्टरको सहयोगमा सम्पन्न भएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले व्यावसायिक जीवन व्यस्त रहेकाले व्यक्तिगत स्वास्थ्य सम्बन्धी पनि ध्यान दिलाउन सचेतना कार्यक्रम आयोजना गरिएको बताउनु भयो । उहाँले स्वास्थ्यनै सम्पती हो भन्ने मन्त्रलाई आत्मसाथ गर्दै विभिन्न समयमा संघले स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू आयोजना गर्दै आईरहेको बताउदै उहाँले व्यवसायीहरू धेरै समय व्यावसायिक कार्यमा व्यस्त हुने हुनाले र आफ्नो स्वास्थ्य सम्बन्धमा ध्यान नदिईरहेकोले हामी स्वास्थ्य भए मात्र चितवन एवम् देशकै आर्थिक, सामाजिक विकास गर्न सक्षम हुने बताउदैं उहाँले व्यवसायी एवम् सबैलाई स्वास्थ्यलाई ख्याल राखेर कार्यगर्न अनुरोध गर्नुभयो। कार्यक्रममा कोसिस क्यान्सर सेन्टरका प्रमुख डा. सरिता राना गुरूङले प्रोस्टेट क्यान्सरको बारेमा जानकारी गराउँदै क्यान्सरको सबैभन्दा राम्रो प्रभावकारी उपचार सचेतना भएको बताउनु भयो। उहाँले सचेतनाले आधाभन्दा धेरै रोग घटाउने र सचेतना कार्यक्रमहरू गर्न साथमा रहेको र हामी सबै हातेमालो गरेर क्यान्सरलाई जित्न सक्ने बताउनु भयो । कार्यक्रमका प्रशिक्षक बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालका डा. आदित्य जलनले प्रोस्टेट क्यान्सरका बारेमा जानकारी गराउँदै उहाँले प्रोस्टेट क्यान्सर बढी हुन सक्ने उमेर समुह, कारण, लक्षण र उपचार विधिका बारे मा जानकारी गराउनुकासाथै सहभागीहरूका जिज्ञासाहरूको बारेमा सम्बोधन गर्नुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध व्यवसायी र व्यवसायीको परिवारलाई चितवन मेडिकल कलेज र नारायणी सामुदायिक हस्पिटलमा उपचार गर्दा केही प्रतिशत छुट पाउने बताउँदै उहाँले अन्य हस्पिटलहरूमा पनि कुरा भैरहेको बताउनु भयो । कार्यक्रममा संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी, संघका कार्यसमिति सदस्यहरू, कार्यकारी निर्देशक, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी, नारायणगढ राउन्ड टेवलका पूर्व

अध्यक्ष, पदाधिकारी, कार्यसमिति लगायत ६० जनाको उपस्थिति रहेको थियो। कार्यक्रम नारायणगढ राउन्ड टेवल १४ का अध्यक्ष विवेक चाचनको अध्यक्षता सम्पन्न कार्यक्रम नारायणगढ राउन्ड टेवल १४ का सचिव प्रविन वनसलले सञ्चालन गर्नुभएको थियो।

## उद्योग वाणिज्य संघ-चितवनको टोली दुबई प्रस्थान

उद्योग वाणिज्य संघ-चितवनको भ्रमण टोली मिति २०७९ फागुन ३० गते एक हप्ताको लागि संयुक्त अरब इमिरेट्स (दुबई) भ्रमणका लागि प्रस्थान गरेको थियो। भ्रमणमा दुई देश बिच व्यावसायिक सम्बन्ध र प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने, प्रविधि साटासाट तथा हस्तान्तरण, दुबईको व्यावसायिक एवं औद्योगिक विकासका बारेमा जानकारी लिने, बढ्दो प्रविधिको प्रयोगका बारेमा जानकारी लिनुका साथै पूर्वाधार विकास सम्वन्धी जानकारी लिने उद्देश्यले भ्रमण गरिएको संघका अध्यक्ष चुननारायण श्रेष्ठले जानकारी गराउनु भयो। संघका अध्यक्ष चुननारायण श्रेष्ठको नेतृत्वमा उवासंघ चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी, संघका पूर्वअध्यक्षहरू लगायत कार्यसमिति र कार्यसमितिका स्पाउज सहित २६ जनाको टोली भ्रमण गएका थिए।

## वस्तुगत विशेष कार्यक्रम
## रक्तदान कार्यक्रम सम्पन्न





अधिकृत व्यवसायी संघ चितवनको आयोजनामा मिति २०७९ माघ २ गते रक्तदान कार्यक्रम सम्पन्न भएको थियो। रक्तदान जीवन दान भन्ने उद्देश्यले चितवन महोत्सवको अवसरमा महोत्सव परिसर भित्र रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा बोल्दै अधिकृत व्यवसायी संघ चितवनका अध्यक्ष नारायण प्रधानले अधिकृत व्यवसायी संघले व्यवसायीको काम मात्रै नगरी सामाजिक उत्तरदायित्वको कार्यहरू पनि गर्दै आईरहेको बताउनु भयो। उहाँले अब आउने दिनहरूमा पनि संघमा आवद्ध व्यवसायीहरूको समस्याहरूलाई समाधान गर्दै सामाजिक उत्तरदायित्वका कार्यहरू पनि संघले बेलाबेलामा आयोजना गरिरहने बताउनु भयो। उद्धव अधिकारीको संयोजकत्वमा भएको रक्तदान कार्यक्रममा अधिकृत व्यवसायी संघका निवर्तमान अध्यक्ष रवि श्रेष्ठले रक्तदाताहरूका लागि रियल जुस सौजन्य गर्नुभएको थियो। कार्यक्रममा अधिकृत व्यवसायी संघका पदाधिकारी, कार्यसमिति, पूर्वअध्यक्ष तथा सल्लाहकारहरूकासाथै नेपाल वितरक महासंघका उपाध्यक्ष श्री दुर्गाप्रसाद गौतमको उपस्थिति रहेको उक्त रक्तदान कार्यक्रममा ४६ जना दाताहरूले रक्तदान गरेको जानकारी संघका महासचिव मनोज रौनियारले गराउनु भयो।

# अधिकृत व्यवसायी संघ चितवनको योजना तर्जुमा गोष्ठी सम्पन्न



अधिकृत व्यवसायी संघ चितवनको २०७९ फागुन १५ गते योजना तर्जुमा गोष्ठी सम्पन्न भएको थियो । संघको हालै सम्पन्न अधिवेशनबाट नारायण प्रधानको नेतृत्वमा निर्वाचित कार्यसमितिले आगामी दुई वर्षे कार्यकालमा आयोजना गर्ने कार्यक्रमहरू तय गर्नका लागि गोष्ठीको आयोजना गरेको हो । उक्त गोष्ठी भरतपुर महानगरपालिका वडा नं २९ दासढुङ्गा, चितवनमा अवस्थित अशोका रिर्सोटमा सम्पन्न भएको थियो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष नारायण प्रधानले योजना बनाउनुपूर्व आवश्यकता पहिचान गर्नुपर्ने भएकाले संघको उद्देश्य र लक्ष्यलाई हासिल गर्ने सन्दर्भमा आगामी दुई वर्षमा के-कस्ता कार्यक्रमहरू आयोजना गर्न सकिन्छ भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । उहाँले संघलाई समय सापेक्ष रूपमा सञ्चालन गर्न र संघले सदस्यहरूलाई प्रदान गर्ने सेवालाई परिष्कृत गर्दै योजना तर्जुमा गोष्ठीले तय गरेका कार्यक्रमलाई वर्तमान कार्यसमितिले कार्यान्वयन गर्नका लागि प्रतिवद्ध रहेको बताउनु भयो । कार्यक्रममा अधिकृत व्यवसायी संघ चितवनका संस्थापक अध्यक्ष पवनकुमार पिया, पूर्व अध्यक्ष प्रद्युन्न सापकोटा, जितनाथ पौडेल, दुर्गाप्रसाद गौतम, निवर्तमान अध्यक्ष रविकुमार श्रेष्ठ, सल्लाहकार बद्रीलाल प्रधानलगायत पदाधिकारी र कार्यसमितिका सदस्यहरूको सहभागिता रहेको उक्त कार्यक्रममा अधिकृत व्यवसायी संघ चितवनका अध्यक्ष नारायण प्रधानको अध्यक्षतामा सम्पन्न भएको थियो ।




Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७९ चैत्र १६ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४००० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४५०० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३३०० |
| ५. धान मोटो नया | प्रति क्वि | |
| ६. चामल (वार) | प्रति क्वि | ७००० |
| ७. चामल (सावा) | प्रति क्वि | ७५०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५५ |
| ९. मकै | प्रति क्वि. | ४७०० |
| १०. गहुँ | प्रति क्वि. | ४५०० |
| ११. कोदो | प्रति क्वि. | ५००० |
| १२. फापर | प्रति क्वि. | ८००० |
| १३. चना | प्रति के.जी. | १०० |
| १४. केराउ | प्रति के.जी. | १२० |
| १५. भटमास | प्रति के.जी. | १४० |
| १६. रहर दाल | प्रति के.जी. | १८० |
| १७. मसुरी दाल | प्रति के.जी. | १४० |
| १८. मासको दाल | प्रति के.जी. | १६० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १७० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८५ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८० |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | - |
| घ. क्याटल फिड | प्रति के.जी. | - |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ४० |
| २१. प्याज | प्रति के.जी. | ३५ |
| २२. तोरीको तेल | प्रति १० ली. | २२०० |
| २३. भटमासको टेल | प्रति १० ली. | २१५० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | १९५० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ७०० |
| २७. मरिच | प्रति के.जी. | १२५० |
| २८. धनियाँ | प्रति के.जी. | २४० |
| २९. क. सुन | प्रति तोला | १०९००० |
| ख. चाँदी | प्रति तोला | १३९० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति बण्डल | १६४०० |
| ख. २६ गेज | प्रति बण्डल | १४२०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १२४ |
| ख. ८ मि.मि. | प्रति के.जी | ११५ |
| ख. १० मि.मि. | प्रति के.जी | ११२ |
| ग. १२ मि.मि. | प्रति के.जी | ११२ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ७२० |
| OPC विजय | प्रति बोरा | ६५० |
| PPC विजया | प्रति बोरा | ५५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | |
| ख. सर्वोत्तम सिमेन्ट PPC | प्रति बोरा | ५४० |
| ग. सर्वोत्तम सिमेन्ट OPC | प्रति बोरा | ६३० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४३० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | ३१० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ३७० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ४०० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | १०० |
| ख. दही | प्रति लि. | १२० |
| ग. पनिर | प्रति के.जी. | ९०० |
| घ. क्रिम | प्रति लि. | ७०० |
| ङ. वटर | प्रति के.जी. | ११०० |
| च. घ्यू | प्रति के.जी. | १४०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

**प्रापक :**

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

........................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०